नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

हरिहरभवन, ललितपुर, नेपाल

**(IDA Credit – 6149 NP)**




# उप-आयोजना अवधारणा पत्र तयारी तथा प्रमाणीकरण विधि

**(प्रथम संशोधन, २०७७ माघ)**

(विश्व बैंकबाट मिति २०७६ फाल्गुन-५ (Feb 17, 2020) मा सहमति प्राप्त र आयोजना निर्देशन समितिको मिति २०७६ चैत्र ९ को बैठकबाट स्वीकृत)

# विषय सूची

## परिच्छेद- १
## (परिचय)


१.१ **परिचय** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१

१.१.१ आयोजना . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १

१.१.२ उप-आयोजना अवधारणा पत्र तयारी तथा स्थलगत प्रमाणीकरण विधि . . . . . . . . . . . . . . . . २

१.२ **उप-आयोजना सञ्चालनका उद्देश्य र उप-आयोजना सञ्चालन व्यवस्था** . . . . . . . . . . .२

१.३ **प्रस्ताव गर्न योग्य आवेदक संस्थाहरू** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .३

१.४ **आवेदक संस्थाको योग्यता** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .३

१.५ **लगानी योग्य क्रियाकलापहरू** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ४

१.६ **उप-आयोजना सञ्चालनका आधारभूत शर्तहरू** . . . . . . . . . . . . . . . . . . . . . . . . . . .५

१.७. **उप-आयोजनामा उत्पादनमूलक गठबन्धनको प्रारुप** . . . . . . . . . . . . . . . . . . . . . . . ८

१.७.१ उत्पादनमूलक गठबन्धन . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .८

१.७.२ उत्पादनमूलक गठबन्धनका साझेदार पात्रहरू . . . . . . . . . . . . . . . . . . . . . . . . . ९

१.७.३ उत्पादनमूलक गठबन्धनबाट हुने लाभ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ९

१.७.४ गठबन्धन सम्झौताका किसिम . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १०

१.७.५ आयोजनामा उत्पादनमूलक गठबन्धनका लक्षित मूल्य शृंखलाहरू . . . . . . . . . . . . . . . . १०

१.७.६ उत्पादक र खरिदकर्ता . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ११

१.७.७ उत्पादनमूलक गठबन्धन र आयोजनाको अपेक्षा . . . . . . . . . . . . . . . . . . . . . . . . ११


## परिच्छेद-२
## (उप-आयोजना अवधारणा पत्र)


२.१ **उप-आयोजना अवधारणा पत्र तयारी** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१२

२.२ **उप-आयोजना अवधारणा पत्रका लागि आवश्यक कागजातहरू** . . . . . . . . . . . . . . . . . . .१२

२.३ उप-आयोजना अवधारणा पत्र पेश गर्ने विधि . . . . . . १३
२.४ उप-आयोजना अवधारणा पत्र मूल्याङ्कन समिति . . . . . . १४
२.५ उप-आयोजना अवधारणा पत्र मूल्याङ्कनका आधारहरू . . . . . . १४

## परिच्छेद-३
## (स्थलगत प्रमाणीकरण)

३.१ स्थलगत प्रमाणीकरणको उद्देश्य . . . . . . १६
३.२ स्थलगत प्रमाणीकरणको कार्यक्षेत्र . . . . . . १६
३.३ स्थलगत प्रमाणीकरण समिति . . . . . . १७
३.४ स्थलगत प्रमाणीकरण समितिको काम . . . . . . १८
३.५ स्थलगत प्रमाणीकरणमा स्पष्ट हुनुपर्ने विषयहरू . . . . . . १८
३.६ स्थलगत प्रमाणीकरणमा परीक्षण गरिने कागजातहरू . . . . . . १९
३.७ स्थलगत प्रमाणीकरण मूल्याङ्कनका आधार . . . . . . २०
३.८ स्थलगत प्रमाणीकरण समितिको आचार संहिता . . . . . . २१
३.९ विकेन्द्रीकृत आयोजना सहयोग इकाई प्रमुखको जिम्मेवारी . . . . . . २२
३.१० स्थलगत प्रमाणीकरण प्रक्रिया. . . . . . २२

## परिच्छेद-४
## (विविध)

४.१ उप-आयोजना पूर्ण प्रस्ताव पेश गर्नुपर्ने. . . . . . २३
४.२ अनुदान उपयोगका शर्तहरू. . . . . . २३
४.३ अनुदान रकम भुक्तानी . . . . . . २३
४.४ अनुदान प्रक्रिया रद्द गर्न सकिने . . . . . . २४

# *तालिकाहरु*


तालिका-१ः आयोजना लागू भएका जिल्ला तथा नगर र गाँउपालिकाहरू . . . . . . . . . . . . . . . . . . . १

तालिका-२ः योग्य आवेदक संस्थाहरू . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ३

तालिका-३ः योग्य क्रियाकलापहरू . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ४

तालिका-४ः लागत बाँडफाँडको उदाहरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ७

तालिका-५ः मूल्य शृंखला अनुसार निर्धारित उप-आयोजना संख्या. . . . . . . . . . . . . . . . . . . ७

तालिका-६ः विकेन्द्रीकृत आयोजना सहयोग इकाई अनुसार निर्धारित उप-आयोजना संख्या . . . . . . . . . . ८

तालिका-७ः उप-आयोजना अवधारणा पत्रसाथ पेश गर्नुपर्ने कागजातहरू . . . . . . . . . . . . . . . . . १२

तालिका-८ः उप-आयोजना अवधारणा पत्र मूल्याङ्कनका आधारहरू . . . . . . . . . . . . . . . . . . . १४

तालिका-९ः स्थलगत प्रमाणीकरणको समयमा आवेदकले पेश गर्नुपर्ने कागजातहरू . . . . . . . . . . . . . १९

तालिका-१०ः स्थलगत प्रमाणीकरण मूल्याङ्कनका आधार . . . . . . . . . . . . . . . . . . . . . . . २१

तालिका-११ः पूरक अनुदान रकम भुक्तानी तालिका . . . . . . . . . . . . . . . . . . . . . . . . . २४

# अनुसूचीहरू

अनुसूची-१: उप-आयोजना अवधारणा पत्र तयार गर्ने ढाँचा/नमूना . . . . . . . . . . . . . . . . . . . . . . . २७

अनुसूची-२: वातावरण तथा सामाजिक सुरक्षा सम्बन्धी विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . ३५

अनुसूची-३: उप-आयोजना अवधारणा पत्र पेश गर्ने आवेदन फारामको नमूना . . . . . . . . . . . . . . . . . . ३६

अनुसूची-४: उप-आयोजना अवधारणा पत्र मूल्याङ्कन विधि . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ३८

अनुसूची-५: स्थलगत प्रमाणीकरण मूल्याङ्कन विधि. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ४०

अनुसूची-६ : स्थलगत प्रमाणीकरण प्रतिवेदनको ढाँचा. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ४२

अनुसूची-७: स्थलगत प्रमाणीकरण टोलीको मूल्याङ्कन र निर्णय. . . . . . . . . . . . . . . . . . . . . . . . . . ५०

अनुसूची-८: उत्पादनमूलक गठबन्धनमा गरिने सम्झौताको नमूना. . . . . . . . . . . . . . . . . . . . . . . . . . ५२

अनुसूची-९: प्रमाणीकरणपछि सफल नभएका आवेदकलाई दिने जानकारी पत्र . . . . . . . . . . . . . . . . . . ५३

अनुसूची-१०: उप-आयोजना पूर्ण प्रस्ताव पेश गर्ने आमन्त्रण पत्र. . . . . . . . . . . . . . . . . . . . . . . . . ५४

## परिच्छेद- १

# (परिचय)

## १.१ परिचय

### १.१.१ आयोजना

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना विश्व बैंकको ऋण सहयोगमा सञ्चालित कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको राष्ट्रियस्तरको आयोजना हो। यो आयोजना देशका २८ जिल्लाका २८९ नगर तथा गाँउपालिकाहरूमा (तालिका-१) आ.व. २०७४/०७५ देखि कार्यान्वयनमा रहेको छ। यस आयोजनालाई परिवर्तक आयोजनाका रूपमा पनि परिभाषित गरिएको छ। आयोजना आ.व.२०७९/८० सम्म चालू रहनेछ।

**तालिका–१: आयोजना लागू भएका जिल्ला तथा नगर र गाँउपालिकाहरू**

| प्रदेश | आयोजना लागू भएका जिल्लाहरू | जिल्ला सङ्ख्या | पालिकाहरूको सङ्ख्या | विकेन्द्रीकृत आयोजना सहयोग इकाई |
|---|---|---|---|---|
| प्रदेश नं. १ | पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ्ग र सुनसरी | ७ | ७७ | विराटनगर |
| प्रदेश नं. २ | सप्तरी, धनुषा र सिरहा | ३ | ५३ | हेटौंडा |
| बागमती | काभ्रेपलाञ्चोक, काठमाडौं, मकवानपुर र चितवन | ४ | ४१ | हेटौंडा |
| गण्डकी | स्याङ्गजा, कास्की, मनाङ्ग, मुस्ताङ्ग, तनहु, म्याग्दी र नवलपरासी (पूर्व) | ७ | ४९ | पोखरा |
| प्रदेश नं. ५ | रूपन्देही, नवलपरासी (पश्चिम), कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी र बर्दिया | ७ | ६९ | बुटवल |
| **जम्मा** | | २८ | २८९ | |

आयोजनाले नेपालको पशु सेवा क्षेत्रको सुदृढीकरण गर्दै नवीन प्रविधिहरूका माध्यमबाट दूध तथा दुग्धजन्य पदार्थ, खसीबोकाको मासु र च्याङ्ग्रा पश्मिनाको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने लक्ष्य राखेको छ। जसमध्य दूध तथा दुग्ध पदार्थ मूल्य शृंखला र खसीबोकाको मासु मूल्य शृंखलाले आयात न्यूनीकरणमा र च्याँङ्ग्रा पश्मिना मूल्य शृंखलाले निर्यात प्रवर्द्धनमा सघाउ पुऱ्याउने छन्।

### १.१.२ उप-आयोजना अवधारणा पत्र तयारी तथा स्थलगत प्रमाणीकरण विधि

प्रस्तुत **उप-आयोजना अवधारणा पत्र तयारी तथा स्थलगत प्रमाणीकरण विधि** उप-आयोजना अवधारणा पत्र तयारी र स्थलगत प्रमाणीकरण गर्न आवश्यक पर्ने विवरण, कागजात तथा अन्य दस्तावेजहरूका बारेमा आवेदक संस्थाहरूलाई अग्रिम जानकारी दिन तथा प्राप्त उप-आयोजना अवधारणा पत्रहरू "कुनै पनि योग्य संस्थाहरू नछुटुन् तथा नदोहोरिउन्" भन्ने उद्देश्यले मूल्याङ्कन गर्न तयार पारिएको छ। यस उप-आयोजना अवधारणा पत्र तयारी तथा स्थलगत प्रमाणीकरण विधिमा विश्व बैंकको समेत सहमति छ। प्रस्तुत विधि आयोजना निर्देशन समितिको स्वीकृति पछि लागू गरिएको छ। आयोजना कार्यान्वयन गर्ने क्रममा प्राप्त हुने सिकाईहरूको आधारमा यसमा आवश्यक थप सुधारहरू गरिने छ।

यो उप-आयोजना अवधारणा पत्र तयारी तथा स्थलगत प्रमाणीकरण विधि तर्जुमा गर्नुका उद्देश्यहरू यस प्रकार छनः

(क) आवेदक संस्थाहरूलाई उप-आयोजना अवधारणा पत्र तयार पार्न सहयोग गर्ने।

(ख) पूरक अनुदान प्रक्रियामा सहभागी हुन चाहने आवेदक संस्थाहरूलाई आवेदक बन्न चाहिने योग्यता, आवश्यक पर्ने कागजात तथा अन्य कानूनी दस्तावेजहरूको बारेमा जानकारी प्रदान गर्ने।

(ग) प्राप्त उप-आयोजना अवधारणा पत्रहरूको निष्पक्ष र तटस्थ मूल्यांकन गर्ने आधार तथा विधिहरू तयार पार्ने।

(घ) उप-आयोजना अवधारणा पत्रमा आवेदक संस्थाहरूबाट प्रस्तुत विवरणहरूको स्थलगत प्रमाणीकरण गर्ने आधार तथा विधि तयार पार्ने।

## १.२ उप-आयोजना सञ्चालनका उद्देश्य र उप-आयोजना सञ्चालन व्यवस्था

आयोजनाले उत्पादनकर्ता र खरिदकर्ताबीचको उत्पादनमूलक गठबन्धनका माध्यमबाट तयार पारिएका उप-आयोजना (व्यावसायिक योजना) प्रस्तावहरूलाई आयोजनाको स्वीकृत दस्तावेज अनुसार मूल्याङ्कन गरी करिव ५०० वटा उत्कृष्ट उप-आयोजनाहरूलाई प्रतिस्पर्धाका आधारमा लगानीको ५० प्रतिशत वा अधिकतम रु. १ करोडसम्म पूरक अनुदान उपलब्ध गराउने छ। यसरी पूरक अनुदान प्राप्त गर्न चाहने आवेदक संस्थाहरूले उप-आयोजनाको कूल लगानीको बाँकी ५० प्रतिशतमध्ये २० प्रतिशत रकम आफ्नै स्रोतबाट र ३० प्रतिशत रकम बैंक वा वित्तीय संस्थाको ऋण सहयोगबाट जुटाउनु अनिवार्य हुने छ।

आयोजनाबाट आवेदक संस्थाहरूलाई उप-आयोजना सञ्चालनको लागि पूरक अनुदान प्रदान गर्दा निम्न तीन चरणमा मूल्याङ्कन गरिने छ।

(१) उप-आयोजनाको अवधारणा पत्र मूल्याङ्कन।

(२) स्थलगत प्रमाणीकरण।

(३) उप-आयोजना पूर्ण प्रस्ताव मूल्याङ्कन।

## १.३ प्रस्ताव गर्न योग्य आवेदक संस्थाहरू

आयोजनाबाट उपलब्ध गराइने उप-आयोजना सञ्चालन पूरक अनुदान सहयोगका लागि तालिका-२ मा प्रस्तुत चार प्रकारका आवेदक संस्थाहरू योग्य हुनेछन्ः

**तालिका-२ः योग्य आवेदक संस्थाहरू**

| आवेदक संस्था | दर्ता भएको निकाय |
|---|---|
| कृषक समूह | साविकको जिल्ला पशु सेवा कार्यालय मार्फत गठन भई हाल पनि क्रियाशील रहेका वा स्थानीय तहमा नियमानुसार दर्ता भएका। |
| सहकारी संस्थाहरू | सहकारी ऐन २०७४ वा प्रचलित कानून बमोजिम दर्ता भएका। |
| उत्पादक सङ्घहरू | संघसंस्था दर्ता ऐन अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा वा अन्य निकायमा प्रचलित कानून बमोजिम दर्ता भएका। |
| निजी फर्म र कम्पनी | घरेलु तथा साना उद्योग कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य अधिकार प्राप्त निकाय। |

## १.४ आवेदक संस्थाको योग्यता

१.४.१ आवेदक संस्था दूध तथा दुग्ध पदार्थ, खसीबोकाको मासु तथा मासुजन्य पदार्थ र च्याङ्ग्रा/पश्मिना उत्पादन तथा प्रशोधन गरी कुनै एक मूल्य शृंखलामा काम गर्ने उद्देश्यले गठन तथा दर्ता भएको हुनु पर्नेछ।

१.४.२ आवेदक संस्था दर्ता हुँदाको उद्देश्यसँग सम्बन्धित मूल्य शृंखलामा मात्र उप-आयोजना अवधारणा पत्र वा उप-आयोजना पूर्ण प्रस्ताव पेश गर्न पाइने छ।

१.४.३ प्रस्तावक संस्थाको कार्यक्षेत्र आयोजना लागू भएका २८ जिल्लामा हुनु पर्नेछ तर, खरिदकर्ता भने जुनसुकै जिल्लाका पनि हुन सक्नेछन्।

१.४.४ प्रस्तावक संस्थाले हाल व्यवसाय सञ्चालन गरिरहेको भए सो व्यवसाय नाफामा सञ्चालन भइरहेको हुनुपर्ने छ (नाफा नोक्सान देखिने वासलात तथा कर तिरेका प्रमाणहरू संलग्न हुनु पर्ने)। प्रस्तावित व्यवसाय नयाँ भए यो बुँदा लागू हुने छैन।

१.४.५ आवेदक संस्थाले ऋण माग गर्दा धितोमा राखिने सम्पत्ति वा जेथाको स्वामित्व निवेदक संस्था वा प्रस्तावक संस्थाका सदस्यहरूमा रहेको हुनुपर्नेछ र ऋण सहयोग गर्ने बैंक वा वित्तीय संस्थाको प्रचलित मापदण्ड अनुसार स्वीकार्य हुनुपर्नेछ।

१.४.६ आवेदक कुनै वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा नपरेको हुनुपर्ने छ। यसका लागि आवेदकले स्व-घोषणा गर्नु पर्नेछ।

१.४.७ आवेदकले विगत दुई वर्ष यता कुनै पनि सरकारी निकाय वा अन्य दातृ निकायहरूले सञ्चालन गरेको

कार्यक्रम/आयोजनाबाट सोही कामको लागि रू. १० लाख वा सोभन्दा बढी नगद वा प्राविधिक तथा भौतिक सहयोग अनुदान लिएको हुनु हुँदैन (यसको लागि आवेदकले स्व-घोषणा गर्नुपर्नेछ)। रू. १० लाख भन्दा कम अनुदान सहयोग प्राप्त गरेको भए सो अनुदान रकमको सदुपयोग गरेको हुनुपर्ने छ र त्यसको पनि स्व-घोषणा गर्नु पर्नेछ।

## १.५ लगानी योग्य क्रियाकलापहरू

लक्षित मूल्य शृंखलाका तालिका ३ अनुसारका बस्तु र सेवाहरूको उत्पादन तथा उत्पादकत्व बढाउने कार्यमा लगानीका लागि पेश गरिने प्रस्तावहरू अनुदान प्राप्त गर्न योग्य हुनेछन्ः

**तालिका-३ः योग्य कियाकलापहरू**

| | |
|---|---|
| उत्पादन अगाडिका क्रियाकलापहरू | • नर्सरी, पशु आहारा उद्योग, ग्रामीण क्षेत्रमा सहकारी मार्फत उन्नत घाँसको बीउ, बेर्ना उत्पादन, बीउ प्रशोधन र भण्डारण।<br>• उत्पादनशील उन्नत पशुबस्तु उत्पादन, स्रोत केन्द्र स्थापना तथा सञ्चालन।<br>• छनोटमा परेका लक्षित मूल्य शृंखलाका पशुजन्य उत्पादनको उत्पादन वृद्धि तथा प्रशोधन तथा यान्त्रिकीकरण (घाँसको बीउ छर्ने, घाँस काट्ने, तथा साइलेज बनाउने र भण्डारण गर्ने, पशु वधशाला, वधस्थल, दूघ चिस्यान केन्द्र आदि निर्माण, सञ्चालन तथा भण्डारणका लागि आवश्यक मेशिन, उपकरण तथा विशेष यन्त्र जडित ढुवानीका साधन)।<br>• चरन विकास (बीउ खरिद, सिंचाई, मल आदि)।<br>• प्राविधिक क्षमता विकास।<br>• च्याङ्ग्राको घुम्ती गोठ निर्माण तथा सञ्चालन।<br>• पानी संकलन तथा उपयोग।<br>• दूध, मासु तथा पशिमना प्रशोधन कारखाना तथा पशुपालन व्यवसायबाट निस्कने फोहर व्यवस्थापन आदि।<br>• डिपिङ्ग ट्याङ्क निर्माण (बाख्रा/च्याङ्ग्राको लागि)।<br>• विज्ञ परामर्श सेवाहरू जस्तै इन्जिनीयरिङ्ग तथा मेशिनरी उपकरण जडान आदि। |

| | |
|---|---|
| उत्पादनको समयका क्रियाकलापहरू | • नश्ल सुधार (उन्नत जातका साँढे, राँगा, बोका खरिद)।<br>• गुणस्तरीय सिमेन (सेक्स्ड सिमेन सहित) र कृत्रिम गर्भाधान गर्न चाहिने उपकरणहरू।<br>• घाँसका बेर्ना तथा बीउका स्रोत केन्द्र स्थापना।<br>• वैज्ञानिक आहारा व्यवस्थापन र अभ्यास।<br>• सुधारिएको गोठ (बार वन्देज सहित), पशुले पानी खाने डुँड (स्वचालित र अर्ध स्वचालित)।<br>• बर्डिजो क्यास्ट्रेटर, पशु तौलने तराजु आदि।<br>• सोलारबाट पानी तान्ने, तताउने र चिसो बनाउने सुबिधा।<br>• पशु स्वास्थ्य किट आदि।<br>• पानीको बोरिङ्ग।<br>• खोप, जुकाको औषधी, पशु स्वास्थ्य व्यवस्थापन।<br>• असल पशुपालन अभ्यास, स्वच्छ दूध उत्पादन (दूध दुह्ने मेसिन/मिल्किङ्ग पार्लर निर्माण समेत)।<br>• पशु स्रोत विकास (गाई/भैसी, बाख्रा, च्याङ्ग्रा)।<br>• पशु पहिचान तथा फार्म जैविक सुरक्षा व्यवस्था।<br>• फार्म मेशिनरी औजार तथा उपकरणहरू - काउ म्याट तथा जेट प्रेसर आदि। |
| उत्पादन पछिका क्रियाकलापहरू | • दूध, बाख्रा, च्याङ्ग्रा र पशिमना सङ्कलन केन्द्र।<br>• चिस्याउने सुबिधा सहितका पशुजन्य उत्पादनहरूका ढुवानी साधन।<br>• चिस्यान केन्द्र (कोल्ड रुम) समेत भण्डारण सुबिधाहरू।<br>• मासु, दूध प्रशोधन (प्याकेजिङ्ग, ब्रान्डिङ्ग समेत)।<br>• दूध तथा मासु परीक्षण गर्ने उपकरणहरू।<br>• उत्पादन विविधीकरणका लागि आवश्यक मेशिनरी तथा उपकरणहरू।<br>• गोबर ग्याँस प्लान्ट जडान।<br>• पशिमनाको धागो कात्ने मेशिन।<br>• गोठेमल उत्पादन तथा व्यवस्थापन। |

## १.६ उप-आयोजना सञ्चालनका आधारभूत शर्तहरू

आयोजनाले सालवसाली स्वीकृत बजेट तथा कार्यक्रमको परिधि भित्र रही निश्चित हदम्याद सहितको सार्वजनिक सूचना मार्फत योग्य कृषक समूह, सहकारी संस्था, उत्पादक सङ्घ, निजी फर्म र कम्पनीहरूवाट उप-आयोजना अवधारणा पत्र तथा उप-आयोजना पूर्ण प्रस्ताव आह्वान गर्नेछ र प्राप्त अवधारणा पत्र तथा उप-आयोजना पूर्ण प्रस्तावहरूलाई प्रतिस्पर्धाका आधारमा छनौट गरी उप-आयोजनाहरू सञ्चालन गर्नको लागि सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत पूरक अनुदान उपलब्ध गराउने छ।

आयोजनाको पूरक अनुदान प्रवाह र उप-आयोजना सञ्चालनका आधारभूत शर्तहरू निम्नानुसार छन्ः

१.६.१ आयोजनाले (१) दूध तथा दुग्धपदार्थ (२) खसीबोकाको मासु तथा मासुजन्य पदार्थ र (३) च्याङ्ग्रा पशिमना मूल्य शृंखलामा मात्र पूरक अनुदान उपलब्ध गराउने छ।

१.६.२ पूरक अनुदानका लागि पेश भएका उप-आयोजना अवधारणा पत्र र उप-आयोजना पूर्ण प्रस्तावहरू उत्पादनमूलक गठबन्धनको आधारमा तयार पारिएको हुनु पर्नेछ।

१.६.३ प्रस्ताव गरिएको उप-आयोजना सञ्चालन गर्नको लागि आवेदक संस्थाले उप-आयोजनाको कूल लागतको कममा पनि ३० प्रतिशत अंश नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कुनै एक बैंक वा वित्तीय संस्थाबाट ऋण स्वीकृत गराई २० प्रतिशत अंश नगदै सम्बन्धित बैंक वा वित्तीय संस्थामा जम्मा गरिसकेपछि मात्र बाँकी ५० प्रतिशत अंश (बढीमा रू. १ करोडसम्म) आयोजनाले पूरक अनुदानको रूपमा अनुदान सम्झौता र अनुदान भुक्तानी तालिका (तालिका-११) बमोजिम सम्बन्धित आवेदक संस्थालाई बैंक मार्फत उपलब्ध गराउने छ।

१.६.४ प्रस्तावित उप-आयोजनाको कूल लगानीमध्ये आवेदक संस्थाले व्यहोर्नु पर्ने २० प्रतिशत रकमको अंश वा पूरै रकम बैंकबाट ऋण लिएर समेत व्यहोर्न सकिने छ।

१.६.५ उप-आयोजनामा अनुदानग्राही वा उनीहरूका लाभग्राहीले व्यहोर्ने लगानीको अंश गणना गर्ने प्रयोजनको लागि प्रयोग भइरहेका स्थानीय सामाग्री तथा श्रमलाई अनुदानग्राहीको योगदान गणनामा समावेश गरिने छैन।

१.६.६ आवेदक संस्थासँग एउटा ठूलो पशु वा चारवटा बाख्रापालन गर्नका लागि कम्तीमा पनि एक रोपनी (डेढ कठ्ठा) का दरले जग्गा उपलब्ध हुनुपर्ने छ तर ५० (पचास) भन्दा बढी गाई वा २०० (दुई सय) भन्दा बढी बाख्रा पालन गर्ने उप-आयोजनाको हकमा न्यूनतम ५० रोपनी (७५ कठ्ठा) आफ्नै स्वामित्वको वा भाडामा लिएको जमीन भए पनि स्वीकार्य हुनेछ। जमीन भाडामा लिएको भए भाडाको अवधि कम्तीमा पनि ५ वर्षको हुनु पर्नेछ र सो जमीन भाडामा लिने दिने संझौता नोटरी पब्लिकद्वारा प्रमाणित गरिएको हुनुपर्नेछ।

१.६.७ उप-आयोजना अवधारणा पत्रको मूल्याङ्कन, स्थलगत प्रमाणीकरण तथा उप-आयोजना पूर्ण प्रस्तावको प्राविधिक तथा आर्थिक पक्षको निष्पक्ष मूल्याङ्कन पश्चात मात्र आयोजनाबाट पूरक अनुदान प्रदान गरिने छ।

१.६.८ आयोजनाले प्रदान गर्ने अनुदान पूरक अनुदान हुनेछ र सो अनुदान प्रतिस्पर्धाको आधारमा छनौट भएका योग्य उप-आयोजना प्रस्तावहरू सञ्चालन गर्नका लागि मात्र प्रदान गरिने छ।

१.६.९ आयोजनाले मूल्याङ्कनमा आधारित अनुदान भुक्तानी पद्धति पालना गर्नेछ। जस अनुसार अनुदान रकम अनुदानग्राहीसँग भएको सम्झौता अनुरूप उल्लेखित कोशे ढुङ्गा र तोकिएका क्रियाकलापहरू सम्पन्न भए/नभएको स्थलगत मूल्याङ्कनपछि मात्र मूल्याङ्कन नतिजाको आधारमा बढीमा ३ (तीन) किस्तामा उपलब्ध गराइने छ।

१.६.१० अनुदान सम्झौतामा हस्ताक्षर भएको मितिभन्दा पहिले सम्पन्न भएका कार्यहरूमा अनुदान रकम खर्च गर्न पाइने छैन।

१.६.११ एउटा आवेदक संस्था वा त्यसका सदस्यलाई आयोजना अवधिमा एक पटक भन्दा बढी पटक अनुदान दिइने छैन।

१.६.१२ विगत दुई वर्षभित्र समान प्रकृतिको कामको लागि रू. १० लाखभन्दा बढी रकम कुनै सरकारी वा दातृ निकायबाट अनुदान लिएको भए सो आवेदक संस्थालाई अनुदान उपलब्ध गराइने छैन। साथै विगतमा रु. १० लाख भन्दा कम रकम अनुदान प्राप्त गरेको भए पनि तोकिएको कार्य सम्पन्न नगरेको वा अनुदान रकम दुरूपयोग गरेको भए त्यस्ता संस्थालाई पनि अनुदान उपलब्ध गराइने छैन।

१.६.१३ आयोजनाबाट पूरक अनुदान प्राप्त गर्ने आवेदक संस्थाले आयोजनाले तोकेको वातावरणीय र सामाजिक सुरक्षाका प्रावधानहरू पालना गर्नु पर्नेछ।

१.६.१४ कृषक समूह, सहकारी तथा उत्पादक संस्थाले पेश गरेको प्रस्तावमा सकेसम्म ४५ प्रतिशत लाभग्राही महिला हुनु पर्नेछ।

१.६.१५ प्रस्ताव गरिएको स्थान र मूल्य शृंखला परिवर्तन गरी उप-आयोजना सञ्चालन गर्न पाइने छैन।

१.६.१६ उप-आयोजना प्रस्ताव उत्पादनमूलक गठबन्धनको आधारमा तयार पारिएको हुनुपर्नेछ र उक्त उप-आयोजना प्रस्तावको खरिदकर्ताले कुनै अनुदान पाउने छैन।

१.६.१७ आयोजनाले प्रदान गर्ने अनुदान दूध, खसीबोकाको मासु र पशिमना मूल्य शृंखलामा मात्र उपलब्ध गराइने छ र पूरक अनुदानको अंश तालिका-४ मा देखाए बमोजिम उप-आयोजनाको कूल लगानीको ५० प्रतिशत वा बढीमा रु. १ करोडसम्म हुनेछ।

१.६.१८ आयोजनाको पूरक अनुदान अन्तर्गतको विनियोजनलाई सम्भव भएसम्म ४० प्रतिशत साना र ६० प्रतिशत मझौला उद्यमका लागि उपलब्ध गराइनेछ।

**तालिका-४: लागत बाँडफाँडको उदाहरण**

| सि.नं. | आवेदक संस्थाहरूले व्यहोर्नु पर्ने न्यूनतम २० % रकम रू | आयोजनाले प्रदान गर्ने पूरक अनुदान ५०% रू | आवेदक संस्थाले वित्तीय संस्थाहरूबाट स्वीकृत गराउनु पर्ने न्यूनतम ऋण ३०% रकम रू | उप-आयोजना प्रस्तावको कूल १००% लगानी रु |
|---|---|---|---|---|
| १ | २ लाख | ५ लाख | ३ लाख | १० लाख |
| २ | ४ लाख | १० लाख | ६ लाख | २० लाख |
| ३ | १० लाख | २५ लाख | १५ लाख | ५० लाख |
| ४ | २० लाख | ५० लाख | ३० लाख | १ करोड |
| ५ | ४० लाख | १ करोड | ६० लाख | २ करोड |

१.६.१९ **अनुदान प्रयोजनका लागि निर्धारित उप-आयोजना सङ्ख्या:** आयोजनाबाट प्रदान गरिने पूरक अनुदानको लागि विभिन्न मूल्य शृंखलाको लागि निर्धारित उप-आयोजनाहरूको संख्या तालिका-५ अनुसार हुनेछ।

**तालिका-५: मूल्य शृंखला अनुसार निर्धारित उप-आयोजना संख्या**

| सि.नं. | पशुजन्य मूल्य शृंखला | अनुमानित उप-आयोजना (सङ्ख्या) | जिल्ला (सङ्ख्या) |
|---|---|---|---|
| १. | दूध तथा दुग्धपदार्थ | २२५ | २६ जिल्ला |
| २. | मासु तथा मासुजन्य पदार्थ | २२५ | २६ जिल्ला |
| ३. | च्याँङ्ग्रा पशिमना | ५० | २ जिल्ला (मुस्ताङ्ग र मनाङ्ग) |
| **कूल जम्मा** | | **५००** | **२८ जिल्ला** |

एवम् प्रकार आयोजना अवधिभरमा विभिन्न विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरू अन्तर्गत छनौट गरिने उप-आयोजनाहरूको सङ्ख्या तालिका-६ बमोजिम हुनेछ।

**तालिका-६: विकेन्द्रीकृत आयोजना सहयोग इकाई अनुसार निर्धारित उप-आयोजना सङ्ख्या**

| विकेन्द्रीकृत आयोजना सहयोग इकाई | जिल्ला सङ्ख्या | जम्मा छुट्याइएको उप-आयोजना सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | दूध | बाख्रा | च्याङ्ग्रा/पश्मिना | जम्मा |
| बिराटनगर | ७ | ५८ | ५८ | - | ११६ |
| हेटौँडा | ७ | ५९ | ५९ | - | ११८ |
| पोखरा | ७ | ५० | ५० | ५० | १५० |
| बुटवल | ७ | ५८ | ५८ | - | ११६ |
| जम्मा | २८ | २२५ | २२५ | ५० | ५०० |

१.६.२० उप-आयोजना अवधारणा पत्र तथा उप-आयोजना पूर्ण प्रस्तावहरूको मूल्याङ्कन एउटा जिल्लाबाट कम्तीमा पनि चार वटा उत्कृष्ट प्रस्तावहरू छनौट हुने प्रकारले गरिने छ। तर, कुनै जिल्लाबाट आवश्यक सङ्ख्यामा अवधारणा पत्र वा उप-आयोजना पूर्ण प्रस्तावहरू पेश नभएमा वा पेश भए पनि अवधारणा पत्र वा पूर्ण प्रस्तावहरू मूल्याङ्कन गर्दा आवश्यक संख्यामा योग्य नपाइएमा अन्य जिल्लाको सोही मूल्य शृंखलाका अवधारणा पत्र वा पूर्ण प्रस्ताव छनौट गरी माथि लक्षित संख्या पुर्‍याइनेछ। यसरी अन्य जिल्लाबाट संख्या पुर्‍याउदा प्रदेश स्तरीय समन्वय समितिबाट अनुमोदन गराइने छ। उप-आयोजना अवधारणा पत्र र पूर्ण प्रस्तावहरू पेश गर्न आयोजना व्यवस्थापन कार्यालयबाट सार्वजनिक सूचना मार्फत आह्वान गरिने छ।

## १.७. उप-आयोजनामा उत्पादनमूलक गठबन्धनको प्रारुप

### १.७.१ उत्पादनमूलक गठबन्धन

निश्चित उद्देश्य प्राप्तीको लागि पशुजन्य पदार्थको उत्पादक र खरिदकर्ताबीच दुबै पक्षले लाभ पाउने गरी गरिएको मैत्रीपूर्ण सम्झौता उत्पादनमूलक गठबन्धन हो।

उत्पादनमूलक गठबन्धनको सफल कार्यान्वयन पश्चात उप-आयोजना सञ्चालनमाः

- जोखिमको न्यूनीकरण हुनेछ।
- प्राप्त हुने नाफा बाँडिनेछ।
- अनुदान प्राप्त हुने भएकाले साझेदारीको कार्यान्वयन दिगो हुनेछ।

## १.७.२ उत्पादनमूलक गठबन्धनका साझेदार पात्रहरू

- पशुजन्य पदार्थका उत्पादक र उत्पादन गर्ने संस्था वा समूहहरू।
- पशुजन्य पदार्थका एक वा सो भन्दा बढी खरिदकर्ताहरू।
- सरकारी निकायहरू।
- वित्तीय संस्थाहरू।

## १.७.३ उत्पादनमूलक गठबन्धनबाट हुने लाभ

### १.७.३.१ पशुजन्य पदार्थका उत्पादकलाई

- उप-आयोजना प्रस्ताव मूल्याङ्कनका आधारमा सरकारी निकायबाट पूरक अनुदान प्राप्त हुने।
- उत्पादन वृद्धि गर्न प्राविधिक सहायता प्राप्त हुने।
- उत्पादनको परिमाण र गुणस्तर वृद्धि गर्न सहयोग प्राप्त हुने।
- बजारमा उत्पादनको पहुँच सुनिश्चित हुने।
- व्यवसायीहरू उद्यमी बन्न सहयोग पुग्ने।
- व्यवसाय सञ्चालन गर्न बैङ्कबाट ऋण प्राप्त गर्न सहयोग पुग्ने।

### १.७.३.२ पशुजन्य पदार्थका खरिदकर्तालाई

- बजारको माँग अनुसार आवश्यक परिमाणका बस्तु निर्धारित दरमा उत्पादकहरूबाट सजिलै प्राप्त हुने।
- प्राप्त भएका पशुजन्य बस्तुहरू गुणस्तरीय हुने।
- पशुजन्य बस्तुहरू उत्पादन हुने स्थान निश्चित हुने भएकोले ढुवानी तथा अन्य लागत कम हुने।

### १.७.३.३ बैंक तथा वित्तीय संस्थालाई

- लगानीको उपयुक्त वातावरण बन्ने।
- लगानीमा जोखिम कम हुने।
- प्राथमिकता प्राप्त पशुपालन क्षेत्रमा लगानी बढ्ने।
- लगानी रकम समयमै असुली हुने।
- पशुपन्छी बीमा अनिवार्य गरिएकोले लगानी सुरक्षित रहने।

### १.७.३.४ सरकारी निकायलाई

- पूरक अनुदानको सदुपयोग हुने।

- उप-आयोजनाहरू दिगोरूपमा सञ्चालन हुने ।
- स्थानीय स्तरमै रोजगारीका अवसरहरू सिर्जना हुने ।

## १.७.४ गठबन्धन सम्झौताका किसिम

- उत्पादक-उत्पादकबीच हुने परस्पर लाभ सहितको मैत्रीपूर्ण समतल सम्झौता ।
- उत्पादक र खरिदकर्ताबीच हुने परस्पर लाभ सहितको मैत्रीपूर्ण ठाडो सम्झौता ।

## १.७.५ आयोजनामा उत्पादनमूलक गठबन्धनका लक्षित मूल्य शृंखलाहरू

उत्पादनकर्ता र खरिदकर्ताबीचको उत्पादनमूलक गठबन्धनका आधारमा तयार पारिने निम्न मूल्य शृंखलाका उप-आयोजना सञ्चालनको लागि उप-आयोजना अवधारणा पत्र तथा उप-आयोजना पूर्ण प्रस्ताव पेश गर्ने योग्य आवेदक संस्थालाई मात्र पूरक अनुदान प्रदान गरिने छ । यस पद्धतिमा गठबन्धनका अर्का पात्र खरिदकर्तालाई अनुदान उपलब्ध गराइने छैन ।

१.७.५.१ दूध तथा दुग्धपदार्थ मूल्य शृंखलाका उत्पादनकर्ता तथा प्रशोधनकर्ताले उत्पादक कृषकबाट दूध संकलन गरेर भण्डारण तथा प्रशोधन गरी बिक्री गर्ने उद्देश्य राखेका उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले तयार पारेका उप-आयोजना अवधारणा पत्र तथा उप-आयोजना पूर्ण प्रस्तावहरू पूरक अनुदानका लागि योग्य हुनेछन् । यस अन्तर्गत सहकारीहरूले साइलेज उद्योग, मिनरल मिक्सर प्लान्ट तथा टी.एम.आर. उद्योग खोल्न चाहेमा अवधारणा पत्र पेश गर्न सक्नेछन् । पशुपन्छीको दाना उद्योग खोल्ने सन्दर्भमा भने ग्रामीण क्षेत्रमा रहेका सहकारीहरूले मात्र उप-आयोजना अवधारणा पत्र पेश गर्न सक्नेछन् । तर, यी सबै उप-आयोजनाहरूबाट हुने उत्पादन बिक्रीको व्यवस्था सुनिश्चित गरिएको हुनुपर्नेछ ।

१.७.५.२ खसीबोकाको मासु तथा मासुजन्य पदार्थको मूल्य शृंखलामा उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने उद्देश्यले तयार पारिएका उप-आयोजना अवधारणा पत्र तथा उप-आयोजना पूर्ण प्रस्तावहरू अनुदानका लागि योग्य हुनेछन् । यस अन्तर्गत मासु प्रशोधनकर्ताहरूले पनि अनुदान प्रस्ताव गर्न सक्नेछन् तर तिनीहरूबाट उत्पादन भएका प्रशोधित बस्तु खरिद गर्ने व्यवस्थाको समेत सुनिश्चितता गरिएको हुनुपर्ने छ ।

१.७.५.३ च्यौंङ्ग्रा तथा पशिमना मूल्य शृंखलामा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले तयार पारिएका उप-आयोजना अवधारणा पत्र तथा उप-आयोजना पूर्ण प्रस्तावहरू अनुदानका लागि योग्य हुनेछन् । यस अन्तर्गत पशिमना प्रशोधनकर्ताहरूले पनि अनुदान प्रस्ताव पेश गर्न सक्नेछन् तर, त्यस्ता अनुदान प्रस्तावमा च्यौंङ्ग्रापालक कृषकहरूबाट पशिमना खरिद गर्ने तथा आफूले उत्पादन गरेको तयारी बस्तु बिक्री गर्ने दुबै कुरा सुनिश्चित गरिएको हुनुपर्ने छ ।

## १.७.६ उत्पादक र खरिदकर्ता

### १.७.६.१ उत्पादक

- पशुबस्तु विशेषको उत्पादन शृंखलामा सङ्गठितरूपमा आवद्ध भएका कृषक समूह, सहकारी संस्था, उत्पादक सङ्घ, निजी फर्म र कम्पनी ।
- उत्पादित पशु, पशुजन्य उत्पादन तथा पशु उत्पादन सामाग्रीहरूको बिक्री सुनिश्चित भए प्रशोधनकर्ता समेत ।

### १.७.६.२ खरिदकर्ता

- पशु, पशुजन्य उत्पादन तथा पशु उत्पादन सामाग्रीहरूको प्रशोधनकर्ता, मध्यस्थकर्ता, उपभोक्ता, वितरक, ढुवानीकर्ता, सरकारी निकाय, सङ्कलनकर्ता, खुद्रा तथा थोक खरिदकर्ता आदि ।

## १.७.७ उत्पादनमूलक गठबन्धन र आयोजनाको अपेक्षा

- आयोजनाको पूरक अनुदानले उत्पादन, प्रशोधन, गुणस्तर अभिवृद्धि र बजारीकरण जस्ता क्रियाकलापमा आवद्ध मूल्य शृंखलाका सबै पात्रहरूको प्रतिस्पर्धी क्षमता अभिवृद्धि हुने र सेवा, बस्तु तथा लगानीको क्षेत्रमा सहकार्य वृद्धि गर्ने उपयुक्त वातावरण तयार हुने ।
- पशुजन्य व्यवसाय र मूल्य शृंखलामा आवद्ध पात्रहरूलाई आफ्नो क्षमता र उत्पादनको गुणस्तर अभिवृद्धि गर्न कति लगानी चाहिन्छ ? बजारमा आफूलाई स्थापित गराउन कस्तो सीपको आवश्यकता पर्दछ ? र, प्रारम्भिक उत्पादकहरूको उत्पादन कसरी बढी भन्दा बढी खरिद गर्न सकिन्छ ? भन्ने कुराको आंकलन गर्न सहयोग पुग्ने ।
- उत्पादन गरिने बस्तुहरूको गुणस्तर, खरिदकर्ता र बिक्री परिमाण तथा मूल्य आदि उप-आयोजनाको अवधारणा पत्र पेश गर्ने समयमा नै तय हुने ।
- उप-आयोजना कार्यान्वयनमा जाँदा उत्पादकहरू मुख्य तीनवटा विषय (क) उत्पादन लगानी, (ख) प्राविधिक सेवा (ग) व्यवसाय विकासमा केन्द्रीत हुने ।
    - उत्पादन लगानी भन्नाले सबै प्रकारका मेशिन, उपकरण, फार्म पूर्वाधार र सञ्चालन लगानी वा सुधारिएका बस्तुहरू जस्तै पशु आहारा, भेटेरिनरी औषधी, भ्याक्सीन तथा सिमेन आदि भन्ने बुझ्नु पर्छ ।
    - प्राविधिक सेवा अन्तर्गत उत्पादन, प्रशोधन, पशु स्वास्थ्य, सरसफाई र वातावरण लगायत बजार विकासको लागि चाहिने प्रसार सेवा र प्राविधिक सेवा समेत समेटिएको छ ।
    - व्यवसाय विकास अन्तर्गत उप-आयोजनाको व्यवस्थापन, लेखा, व्यवसाय प्रशासन र बजारीकरण सम्बन्धी क्षमता अभिवृद्धि समेटिएको छ ।
    - लगानी सम्बन्धमा बैंक तथा वित्तीय संस्था र व्यवसायीहरूको स्व-लगानीलाई अनिवार्य शर्त मानिएको छ ।

# परिच्छेद-२

# (उप–आयोजना अवधारणा पत्र)

## २.१ उप–आयोजना अवधारणा पत्र तयारी

आवेदकले अनुसूची-१ को ढाँचामा उप-आयोजना अवधारणा पत्र तयार पार्नुपर्ने छ।

## २.२ उप–आयोजना अवधारणा पत्रका लागि आवश्यक कागजातहरू

आवेदकले उप-आयोजना अवधारणा पत्रसाथ संलग्न गर्नु पर्ने कागजातहरू तालिका-७ मा उल्लेख गरे बमोजिम हुनेछन्।

**तालिका–७: उप–आयोजना अवधारणा पत्रसाथ पेश गर्नुपर्ने कागजातहरू**

| पेश गर्नु पर्ने कागजातहरू | कृषक समूह | सहकारी संस्थाहरू | उत्पादक सङ्घ तथा निजी फर्म र कम्पनीहरु |
|---|---|---|---|
| सम्बन्धित सरकारी कार्यालयमा दर्ता भएको प्रमाण-पत्र | साविकको जिल्ला पशु सेवा कार्यालय मार्फत गठन भई हाल क्रियाशील रहेको वा स्थानीय तहमा नियमानुसार दर्ता भएको। | सहकारी ऐन २०७४ वा प्रचलित कानून बमोजिम दर्ता भएको। | सङ्घसंस्था दर्ता ऐन अन्तर्गत जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय वा प्रचलित कानून बमोजिम दर्ता भएको। |
| कम्तीमा छ महिनाको बैकिङ्ग कारोबारको स्टेटमेन्ट | भरखर दर्ता भएको संस्थाले बैंकमा खाता भएको प्रमाण (बैंक चेकबूकको फोटोकपी) तर पूरानो समूहले बैंक स्टेटमेन्ट पेश गर्नु पर्ने)। | भरखर दर्ता भएको संस्थाले बैंकमा खाता भएको प्रमाण (बैंक चेकबूकको फोटोकपी) तर पुरानो संस्थाले बैंक स्टेटमेन्ट पेश गर्नु पर्ने। | भरखर दर्ता भएको संस्थाले बैंकमा खाता भएको प्रमाण (बैंक चेकबूकको फोटोकपी) तर, पुरानो संस्थाले बैंक स्टेटमेन्ट पेश गर्नु पर्ने। |
| भ्याट वा प्यानमा दर्ता भएको प्रमाणपत्र | अवधारणा पत्र चरणमा नपर्ने तर, पूर्ण प्रस्ताव पेश गर्दा अनिवार्य पेश गर्नु पर्ने। | पेश गर्नु पर्ने। | पेश गर्नु पर्ने। |
| पछिल्लो आ.व. को वार्षिक लेखा परीक्षण प्रतिवेदन (लेखापरीक्षण गराउनु पर्नेको हकमा) | अवधारणा पत्र चरणमा नपर्ने तर, आयोजना पूर्ण प्रस्तावसाथ पेश गर्नुपर्ने। दर्ता भएर एक आ.व.पूरा नगरेका आवेदकहरूले पेश गर्न नपर्ने तर, एक आ.व.पूरा गरिसकेकाले पेश गर्नु पर्ने। | दर्ता भएर एक आ.व. पूरा नगरेकाले पेश गर्न नपर्ने तर, पुराना आवेदकले पेश गर्नु पर्ने। | दर्ता भएर एक आ.व. पूरा नगरेकाले पेश गर्न नपर्ने तर, पुराना आवेदकले पेश गर्नु पर्ने। |

| पेश गर्नु पर्ने कागजातहरू | कृषक समूह | सहकारी संस्थाहरू | उत्पादक सङ्घ तथा निजी फर्म र कम्पनीहरु |
|---|---|---|---|
| चालू आ.व.को लागि कर चुक्ता प्रमाणपत्र | अवधारणा पत्र चरणमा नपर्ने तर, पूर्ण प्रस्तावसँग पेश गर्नुपर्ने । दर्ता भएर एक वर्ष पूरा नगरेका आवेदकले पेश गर्न नपर्ने । | दर्ता भएर एक आ.व. पूरा नगरेकाले पेश गर्न नपर्ने तर, पुराना आवेदकले पेश गर्नु पर्ने । | दर्ता भएर एक आ.व. पूरा नगरेकाले पेश गर्न नपर्ने तर, पुराना आवेदकले पेश गर्नु पर्ने । |
| सामाजिक, वातावरणीय सुरक्षाको पालना गर्ने प्रतिवद्धता (अनुसूची-२ अनुसार) | पेश गर्नु पर्ने । | पेश गर्नु पर्ने । | पेश गर्नु पर्ने । |
| आवश्यक जग्गाको उपलब्धताको प्रमाण | पेश गर्नु पर्ने । | पेश गर्नु पर्ने । | पेश गर्नु पर्ने । |
| आफूले रोजेको बैंक वा वित्तीय संस्थाको ऋण लगानी गर्न सक्ने आशय पत्र | पेश गर्नु पर्ने | पेश गर्नु पर्ने । | पेश गर्नु पर्ने । |
| उत्पादनमूलक गठबन्धनको सम्झौता पत्र | पेश गर्नु पर्ने । | पेश गर्नु पर्ने | पेश गर्नु पर्ने । |
| स्थानीय तहलाई उप-आयोजना सञ्चालन सम्बन्धमा जानकारी गराएको पत्र | पेश गर्नु पर्ने | पेश गर्नु पर्ने | पेश गर्नु पर्ने |

## २.३ उप-आयोजना अवधारणा पत्र पेश गर्ने विधि

आयोजना व्यवस्थापन कार्यालयले सार्वजनिक सूचना मार्फत उप-आयोजना अवधारणा पत्र पेश गर्न आह्वान गरेपछि तोकिएको म्यादभित्र इच्छुक आवेदक संस्थाहरूले अनुसूची-३ बमोजिमको ढाँचामा उप-आयोजना अवधारणा पत्र तयार गरी सम्वन्धित विकेन्द्रीकृत आयोजना सहयोग इकाई वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पेश गर्नु पर्नेछ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा अवधारणा पत्र बुझाएमा सोको जानकारी सम्बन्धित विकेन्द्रीकृत आयोजना सहयोग इकाईलाई गराउनु पर्नेछ।

## २.४ उप-आयोजना अवधारणा पत्र मूल्याङ्कन समिति

प्राप्त भएका उप-आयोजना अवधारणा पत्रहरू मूल्याङ्कन गर्नको लागि प्रत्येक विकेन्द्रीकृत आयोजना सहयोग इकाईमा निम्न अनुसारका पाँच सदस्य भएको एक **उप-आयोजना अवधारणा पत्र मूल्याङ्कन समिति** रहने छ।

सम्बन्धित विकेन्द्रीकृत आयोजना सहयोग इकाई प्रमुख — संयोजक

विकेन्द्रीकृत आयोजना सहयोग इकाईका सम्बन्धित मूल्य शृंखला विज्ञ — सदस्य

प्रदेश मन्त्रालय वा निर्देशनालयका अधिकृत प्रतिनिधि — सदस्य

प्रदेश निर्देशनालयका अधिकृत प्रतिनिधि — सदस्य

विकेन्द्रीकृत आयोजना सहयोग इकाईका योजना अधिकृत — सदस्य-सचिव

## २.५ उप-आयोजना अवधारणा पत्र मूल्याङ्कनका आधारहरू

विकेन्द्रीकृत आयोजना सहयोग इकाईले उप-आयोजना मूल्याङ्कन समिति मार्फत आवेदक संस्थाले पेश गरेका कागजातहरू रूजु गराई तालिका-८ र अनुसूची-४ बमोजिम मूल्याङ्कन गराउनेछ र सो प्राविधिक मूल्याङ्कनमा कम्तीमा ६०% अङ्क प्राप्त गर्ने उप-आयोजना अवधारणा पत्रहरूको अनुसूची-५ अनुसार स्थलगत प्रमाणीकरण गरिनेछ।

**तालिका-८: उप-आयोजना अवधारणा पत्र मूल्याङ्कनका आधारहरू**

| सि. नं. | मापदण्ड | अधिकतम भार | मूल्याङ्कनको आधार |
|---|---|---|---|
| १. | समग्र मूल्याङ्कन | १० प्रतिशत | क्रियाशीलता, भौतिक सुविधा, योग्य तथा तालिम प्राप्त प्राविधिकहरू |
| २. | महिला सहभागिता | १० प्रतिशत | अगुवाई गर्ने महिलाको सङ्ख्या, महिला सहभागिताको प्रतिशत, लाभान्वित हुने महिला सङ्ख्या |
| ३. | व्यावसायिक स्पष्टता | १० प्रतिशत | आयोजना विकास उद्देश्यलाई योगदान दिन सक्ने, प्राविधिक तौरतरिका, कार्यान्वयन रणनीतिहरू, कार्यान्वयनमा देखिने जोखिम र जोखिम निराकरणका लागि अपनाइने विधिहरू |

| सि. नं. | मापदण्ड | अधिकतम भार | मूल्याङ्कनको आधार |
|---|---|---|---|
| ४. | नवीनतम प्रविधिहरूको प्रयोग | १० प्रतिशत | नवीनतम प्रविधिको प्रयोग, रचनात्मक शैली, असल अभ्यासहरूको प्रयोग, कार्यान्वयन गर्न सकिने प्रस्ताव |
| ५ | उत्पादनमूलक गठबन्धनको क्रियाशीलता | १५ प्रतिशत | उत्पादनमूलक गठबन्धनको क्रियाशीलता, आधिकारिक सम्झौता पालनाको आधार र विगतको अनुभव |
| ६. | उप-आयोजनाको दिगोपनाका स्पस्ट आधारहरू | १० प्रतिशत | हासिल हुने उपलब्धि र प्रतिफललाई दिगो राख्ने क्षमता, दीर्घकालीन लक्ष्यहरूको निर्धारण, व्यावसायिक वृद्धिको प्रक्षेपण |
| ७. | लाभग्राहीको सहभागिता | १० प्रतिशत | प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभान्वित हुने वर्ग |
| ८. | प्रस्तावित उप-आयोजना सञ्चालनबाट प्राप्त हुने प्रतिफल | १५ प्रतिशत | उत्पादनमा वृद्धि, बिक्रीमा वृद्धि, गुणस्तरमा वृद्धि, व्यावसायिकतामा विश्वास |
| ९. | वातावरणीय तथा सामाजिक सुरक्षा | १० प्रतिशत | वातावरणीय तथा सामाजिक सुरक्षा व्यवस्थापन योजना, जोखिम मूल्याङ्कन तथा निराकरणका उपायहरू |

परिच्छेद-३

# (स्थलगत प्रमाणीकरण)

आयोजनाको छनौट प्रक्रिया बमोजिम मूल्याङ्कनमा ६० प्रतिशत भन्दा बढी अंक प्राप्त गर्ने उप-आयोजना अवधारणा पत्र प्रस्ताव गर्ने आवेदक संस्थाहरूको नामावली तयार गरेर स्थलगत प्रमाणीकरण समिति मार्फत अनुसूची-५ बमोजिम स्थलगत अनुगमन गरी प्रमाणीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ। प्राप्त अवधारणा पत्रहरू मध्ये उपयुक्त, सक्षम, अनुभवी र प्रतिवद्ध आवेदक संस्था तथा उद्यमीहरूको प्रस्ताव छनौट गर्ने उद्देश्यले बस्तुगत मूल्याङ्कनको लागि स्थलगत प्रमाणीकरणको व्यवस्था गरिएको हो ।

यस स्थलगत प्रमाणीकरणको उद्देश्य र प्रक्रियाहरूको विवरण निम्नानुसार हुनेछः

## ३.१ स्थलगत प्रमाणीकरणको उद्देश्य

(क) उत्पादनमूलक गठबन्धनको आधारमा तयार पारिएका र प्रारम्भिक मूल्याङ्कनबाट छनौट भएका आवेदक संस्थाहरूको उप-आयोजना सञ्चालन सम्बन्धी आवश्यक ज्ञान, सीप, अनुभव तथा संस्थागत क्षमताको मूल्याङ्कन गर्ने ।

(ख) प्रस्तावित उप-आयोजना सञ्चालन गर्ने स्थान भौगोलिक तथा प्राविधिक दृष्टिकोणबाट उपयुक्त भए/नभएको हेर्ने ।

(ग) उप-आयोजना कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभाव तथा अवलम्वन गरिनुपर्ने सामाजिक सुरक्षाका उपायहरू सम्बन्धमा आवेदक संस्थाको संवेदनशीलता मूल्याङ्कन गरी उपयुक्त सुझावहरू दिने ।

## ३.२ स्थलगत प्रमाणीकरणको कार्यक्षेत्र

स्थलगत प्रमाणीकरणको कार्यक्षेत्र निम्न अनुसार हुनेछः

(क) आवेदक संस्थाहरूले अवधारणा पत्रसाथ पेश गरेका प्रमाण तथा कागजातहरूको सक्कल प्रति रूजु गरी आयोजनाको अनुदान सिद्धान्त र योग्यताको आधारसँग मिल्छन् वा मिल्दैनन ? स्थलगत रूपमा हेर्ने ।

(ख) आवेदक संस्थाले प्रस्ताव गरेको उत्पादनमूलक गठबन्धन प्रस्तावित उप-आयोजना स्थलमा कार्यान्वयन गर्न प्राविधिक, भौगोलिक र आर्थिक आदि दृष्टिकोणबाट उपयुक्त छ/छैन ? यकिन गर्ने ।

(ग) प्रस्ताव स्वीकृत भई उप-आयोजना कार्यान्वयनमा आएको अवस्थामा सोबाट वातावरणमा पर्नसक्ने प्रभाव एकीन गर्नुको साथै प्रस्तावलाई आयोजनाको वातावरण तथा सामाजिक व्यवस्थापन ढाँचा अनुसार परीक्षण गरी देहाय अनुसार वर्गीकरण गर्नेः

**वर्गीकरण–१**ः नकारात्मक सूचीमा पर्ने उप-आयोजना प्रस्तावहरू (पूरक अनुदान उपलब्ध नहुने) ।

**वर्गीकरण–२**ः वातावरण सुरक्षा ऐन/नियमावली अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने उप-आयोजना प्रस्तावहरू ।

**वर्गीकरण–३**ः वातावरण आचार संहिता तयार गरी कार्यान्वयन गर्नुपर्ने उप-आयोजना प्रस्तावहरू ।

**वर्गीकरण–४**ः वातावरण सुरक्षाको लागि अनुगमन मात्र गरे पुग्ने उप-आयोजना प्रस्तावहरू ।

वर्गीकरण "१" मा पर्ने प्रस्तावहरू भए सोझै स्थलगत निरीक्षणबाट अस्वीकृत गर्ने । त्यस्तै वर्गीकरण "२" मा पर्ने प्रस्तावहरू भए आयोजना पूर्ण प्रस्ताव पेश गर्ने समयमा थप दुई महिना समय दिई आवश्यक प्रमाण सहित पूर्ण प्रस्ताव पेश गर्न आवेदक संस्थालाई जानकारी गराउने तथा वर्गीकरण "३" र "४" मा परेका प्रस्तावहरूलाई मात्र स्थलगत प्रमाणीकरण पछि अन्य मूल्याङ्कन समेतको आधारमा उप-आयोजना पूर्ण प्रस्ताव पेश गर्न आमन्त्रण पत्र दिने/नदिने निर्णय गर्ने ।

(घ) आवेदक संस्थाले हाल कुनै अन्य बैदेशिक, सरकारी, गैरसरकारी वा निजी संस्थाको अनुदान सहयोग प्राप्त गरेको छ/छैन यकीन गर्ने र अनुदान सहयोगमा दोहोरोपना आउन नदिने । आवेदकले प्रस्ताव गरेको कामको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा अन्य सरकारी एवम् दातृ निकायहरूबाट विगत २ वर्ष यता रू. १० लाख वा सो भन्दा वढी रकमको आर्थिक, बस्तुगत तथा प्राविधिक सहयोग प्राप्त गरेको भए त्यस्ता आवेदकहरूलाई आयोजनाबाट प्रदान गरिने अनुदानका लागि पूर्ण प्रस्ताव पेश गर्न आमन्त्रण पत्र जारी नगर्ने ।

(ङ) आवेदक संस्थामा सुशासनको स्थिति के छ र पूरक अनुदान स्वीकृत भएमा निर्धारित समयमा प्रस्तावित कार्यहरू सम्पादन गर्न प्रस्तावक संस्था सक्षम छ वा छैन ? सुनिश्चित गर्ने ।

(च) आवेदक संस्थाको संस्थागत, प्राविधिक तथा वित्तीय क्षमता मूल्याङ्कन गरी आयोजनाको पूरक अनुदानको उद्देश्य अनुरूप संस्थाले कबुल गर्ने/गरेको लगानीको हिस्सा व्यहोर्न आवेदक संस्था "सक्षम" छ/छैन ? वित्तीय तथा संस्थागत क्षमता यकिन गर्ने ।

(छ) आवेदनमा सहभागी उत्पादनमूलक गठबन्धनका साझेदार संस्थाहरूबीचको अन्तर सम्बन्धको विश्वसनीयताको मूल्याङ्कन गर्ने ।

## ३.३ स्थलगत प्रमाणीकरण समिति

छनौट भएका उप-आयोजना अवधारणा पत्रहरूको स्थलगत प्रमाणीकरण गर्ने प्रयोजनको लागि प्रत्येक विकेन्द्रीकृत आयोजना सहयोग इकाईमा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारीहरू भएको एउटा चार (४) सदस्यीय **स्थलगत प्रमाणीकरण समिति** गठन गरिनेछ । उक्त समितिले कार्यबोझको आधारमा उप-समितिहरू गठन गरी स्थलगत प्रमाणीकरण गर्ने अधिकार प्रत्यायोजन गर्न समेत सक्ने छ ।

| | |
|---|---|
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रमुख | संयोजक |
| सम्बन्धित नगर वा गाउँपालिका पशु सेवा शाखाका प्रतिनिधि | सदस्य |
| विकेन्द्रीकृत आयोजना सहयोग इकाईका विज्ञ प्रतिनिधि | सदस्य |
| विकेन्द्रीकृत आयोजना सहयोग इकाईका अधिकृत | सदस्य-सचिव |

## ३.४ स्थलगत प्रमाणीकरण समितिको काम

(क) स्थलगत प्रमाणीकरण समितिले सर्वप्रथम संस्थाको तर्फबाट आवेदन दिने व्यक्ति, अवधारणा पत्रमा उल्लेखित सम्पर्क ब्यक्ति र संस्थाको कार्यकारी प्रमुख वा अध्यक्ष उपलब्ध हुने/नहुने पत्ता लगाई सो अनुसार प्रमाणीकरण भ्रमण गर्ने मिति र समय निर्धारण गर्नु पर्नेछ। समितिले उत्पादनमूलक गठबन्धनमा समावेश सबै पक्षलाई प्रस्तावित उप-आयोजना स्थलमा उपस्थित गराई अनुसूची-५ बमोजिम सम्बन्धित संस्थाको स्थलगत निरीक्षण गर्नेछ। कुनै खरिदकर्ता प्रस्तावित उप-आयोजना स्थल भन्दा फरक जिल्लाको भए उसको समेत निरीक्षण गर्नुपर्नेछ।

(ख) आवेदक संस्थासँग उप-आयोजना अवधारणा पत्रसाथ पेश गरेका सवै कागजातहरूको सक्कल प्रमाणहरू माँगी तिनको सत्यता परीक्षण गर्नेछ।

## ३.५ स्थलगत प्रमाणीकरणमा स्पष्ट हुनुपर्ने विषयहरू

- प्राविधिक उपयुक्तता।
- सो उप-आयोजना प्रस्ताव स्वीकृत भई सञ्चालन भएमा वातावरणमा पर्न सक्ने प्रभाव।
- सम्बन्धित मूल्य शृंङ्खलामा प्रस्तावित उत्पादनमूलक गठबन्धनको अनुभव।
- प्रस्तावित मूल्य शृंङ्खलाको उत्पादनमूलक गठबन्धनमा आवेदक संस्थाको भूमिका।
- संस्थाको हालको स्थिति-प्रारम्भिक उत्पादनको हकमा पशुधन संख्या तथा प्रशोधित बस्तुहरूको हकमा उत्पादन तथा उत्पादकत्व र बिक्री परिमाण।
- संस्थाको दुई वर्षसम्मको भौतिक प्रगति (उत्पादन, उत्पादकत्व र बिक्री परिमाण)।
- उप-आयोजनाको क्रियाकलापमा सहभागी हुने समूह, संस्था र प्रत्यक्ष लाभान्वित हुने वर्ग र घरधुरी संख्या।
- प्रत्यक्ष लाभान्वित हुने समूह/घरधुरीको सहभागिता स्थिति र तिनले ब्यहोर्ने अंशको प्रतिवद्धता।
- संस्थामा हाल उपलव्ध भौतिक पूर्वाधार तथा मुख्य मेशिनरी औजार एवम् सवारी साधन।
- आवेदकको वित्तीय अवस्था।
- हाल संस्थालाई सहयोग उपलव्ध गराउने संस्थाहरूको नाम, सहयोगको प्रकृति र परिमाण।
- संस्थाको क्रियाशीलता।

- उप-आयोजना सञ्चालनको लागि आवश्यक पर्ने जमीन (उत्पादकहरूको हकमा)।
- संस्थामा सुशासन तथा पारदर्शिताको स्थिति।
- समितिले आवश्यक महसुस गरेका अन्य कुनै विषय।
- आवेदक संस्थाले विगतमा अनुदान लिए/नलिएको र लिएको भए सोको कार्य प्रगति।
- विगतमा सोही प्रकारको कार्य सो क्षेत्रमा गरे/नगरेको र गरेको भए सोको हालको अवस्था।

## ३.६ स्थलगत प्रमाणीकरणमा परीक्षण गरिने कागजातहरू

समितिले आवेदक संस्थाले उप-आयोजना अवधारणा पत्रमा समावेश गरेका प्रमाण-पत्र तथा कागजातहरू हेरी प्रत्येक आवेदक संस्थासँग तालिका-९ अनुसारका कागज/प्रमाणहरू छन्/छैनन् परीक्षण गर्नेछ। स्थलगत प्रमाणीकरणको प्रतिवेदनको ढाँचा अनुसूची-६ बमोजिम हुनेछ। स्थलगत प्रमाणीकरण टोलीको मूल्याङ्कन र निर्णय अनुसूची-७ बमोजिम हुनेछ।

**तालिका-९: स्थलगत प्रमाणीकरणको समयमा आवेदकले पेश गर्नुपर्ने कागजातहरू**

| पेश गर्नुपर्ने कागजातहरू | कृषक समूह | सहकारी संस्थाहरू | उत्पादक सङ्घ तथा निजी फर्म र कम्पनीहरु |
|---|---|---|---|
| सम्बन्धित सरकारी कार्यालयमा दर्ता भएको प्रमाण | साविकको जिल्ला पशु सेवा कार्यालय मार्फत गठन भई हाल क्रियाशील रहेको वा स्थानीय तहमा नियमानुसार दर्ता भएको। | सहकारी ऐन २०७४ वा प्रचलित कानून बमोजिम दर्ता भएको। | सङ्घसंस्था दर्ता ऐन अन्तर्गत जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय वा प्रचलित कानून वमोजिम दर्ता भएको। |
| कम्तिमा ६ महिनाको बैकिङ्ग कारोवारको स्टेटमेन्ट | हालसाल दर्ता भएको संस्थाले बैंकमा खाता भएको प्रमाण (बैंक चेकबूकको फोटोकपी) तर, पुरानो समूहले बैंक स्टेटमेन्ट पेश गर्नुपर्ने। | भरखर दर्ता भएको संस्थाले बैंकमा खाता भएको प्रमाण (बैंक चेकबूकको फोटोकपी) तर, पुरानो संस्थाले बैंक स्टेटमेन्ट पेश गर्नुपर्ने। | भरखर दर्ता भएको संस्थाले बैंकमा खाता भएको प्रमाण (बैंक चेकबूकको फोटोकपी) तर, पुरानो संस्थाले बैंक स्टेटमेन्ट पेश गर्नुपर्ने। |
| भ्याट वा प्यानमा दर्ता भएको प्रमाणपत्र (उप-आयोजना पूर्ण प्रस्ताव पेश गर्दा सवै कागजातहरू अनिवार्य पेश गर्नुपर्ने।) | अवधारणा पत्र चरणमा नपर्ने तर, उप-आयोजना पूर्ण प्रस्ताव पेश गर्दा अनिवार्यरुपमा पेश गर्नुपर्ने। | पेश गर्नुपर्ने | पेश गर्नुपर्ने। |

| पेश गर्नुपर्ने कागजातहरू | कृषक समूह | सहकारी संस्थाहरू | उत्पादक सङ्घ तथा निजी फर्म र कम्पनीहरु |
|---|---|---|---|
| पछिल्लो आ.व. को बार्षिक लेखा परीक्षण प्रतिवेदन (लेखा परीक्षण गर्नु पर्नेको हकमा) | अवधारणा पत्र चरणमा नपर्ने तर, पूर्ण प्रस्तावसँग पेश गर्नुपर्ने। दर्ता भएर एक आ.व.पूरा नगरेका आवेदकहरूले पेश गर्न नपर्ने तर, एक आ.व.पूरा गरिसकेकाले पेश गर्नु पर्ने। | दर्ता भएर एक आ.व. पूरा नगरेकाले पेश गर्नु नपर्ने तर, पुराना आवेदकले पेश गर्नुपर्ने। | दर्ता भएर एक आ.व. पूरा नगरेकाले पेश गर्नु नपर्ने तर, पुराना आवेदकले पेश गर्नुपर्ने। |
| चालू आ.व.को करचुक्ता प्रमाणपत्र | अवधारणा पत्र चरणमा नपर्ने तर, पूर्ण प्रस्तावसाथ पेश गर्नुपर्ने। दर्ता भएर एक वर्ष पूरा नगरेका आवेदकले नपर्ने तर, पुरानाले पर्ने। | दर्ता भएर एक आ.व. पूरा नगरेकाले पेश गर्नु नपर्ने तर, पुराना आवेदकले पेश गर्नुपर्ने। | दर्ता भएर एक आ.व. पूरा नगरेकाले पेश गर्नु नपर्ने तर, पुराना आवेदकले पेश गर्नुपर्ने। |
| सामाजिक वातावरणीय सुरक्षाको पालना गर्ने प्रतिवद्धता | पेश गर्नुपर्ने | पेश गर्नुपर्ने | पेश गर्नुपर्ने |
| आवश्यक जग्गाको उपलब्धताको प्रमाण | पेश गर्नुपर्ने | पेश गर्नुपर्ने | पेश गर्नुपर्ने |
| आफूले रोजेको वित्तीय संस्थाबाट ऋण लगानी गर्न सक्ने आशय पत्र | पेश गर्नुपर्ने | पेश गर्नुपर्ने | पेश गर्नुपर्ने |
| उत्पादनमूलक गठबन्धनको अनुसूची-८ बमोजिमको सम्झौता पत्र | पेश गर्नुपर्ने | पेश गर्नुपर्ने | पेश गर्नुपर्ने |
| स्थानीय तहलाई उप-आयोजना सञ्चालन सम्बन्धी जानकारी गराएको पत्र | पेश गर्नुपर्ने | पेश गर्नुपर्ने | पेश गर्नुपर्ने |

## ३.७ स्थलगत प्रमाणीकरण मूल्याङ्कनका आधार

(क) स्थलगत प्रमाणीकरण गर्दा मूल्याङ्कन समितिले तालिका-१० को आधारमा अनुसूची-५ बमोजिम अङ्क प्रदान गर्नेछ।

**तालिका-१०: स्थलगत प्रमाणीकरण मूल्याङ्कनका आधार**

